प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् सानोठिमी भक्तपुर

# प्रशान्त साह (मेकानिकल प्रशिक्षण सहायक प्रा.) पदमा नियुक्ति हुनु भएका श्री प्रशान्त साहलाई योग्यताक्रमको सूचीबाट नाम हटाई बैकल्पिक (प्रतिक्षा सुची) का उम्मेदवार रहनु भएका श्री तेजध्वज शाहीलाई स्थायी नियुक्ति पत्र बुझ्न आउने बारेको अत्यन्त जरूरी सूचना !

## सूचना प्रकाशित मिति २०८२।११।२६ गते

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, पदपूर्ति समितिको मिति २०८१।०३।२८ गतेको गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार पदपूर्ति समितिको मिति २०८२।०६।२५ गतेको सिफारिस अनुसार विज्ञापन नम्बर १४६/०८०-०८१ (खुला) प्राविधिक तथा प्रशिक्षण सेवा, इन्जिनियरिङ्ग समूह, जनरल मेकानिकल उपसमूह, सहायकस्तर द्वितीय श्रेणीको मेकानिकल प्रशिक्षण सहायक पदमा लहान प्राविधिक शिक्षालय, लहान सिरहामा दरबन्दी रही सोही शिक्षालयमा कार्यरत रहनु भएका श्री प्रशान्त साहले मिति २०८२।१०।०८ गतेदेखि लागू हुने गरी परिषद् सेवाको मेकानिकल प्रशिक्षण सहायक पदबाट दिनु भएको राजिनामा परिषद् कार्यालयको मिति २०८२।१०।२२ गतेको निर्णयानुसार निजको राजिनामा स्वीकृत भई पत्र समेत बुझिसक्नु भएको हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ (छैटौं संशोधन सहित) को बिनियम ३३(३) मा नियुक्तिको लागि सिफारिस भएको मितिले एक वर्षभित्र योग्यताक्रममा परेका उम्मेदवारले नियुक्ति लिएको पदबाट राजिनामा दिई वा निजको मृत्यु भई वा निजको अन्य पदमा नियुक्ति भई वा एक वर्षभित्र कुनै कारणले उक्त पद रिक्त हुन आएमा त्यस्तो उम्मेदवारको नाम योग्यताक्रबाट हटाई प्रतिक्षा सूचीमा रहेका उम्मेदवारहरु मध्ये योग्यताक्रमको आधारमा नियुक्ति दिइनेछ भन्ने व्यवस्था भएको हुँदा उक्त पदमा सिफारिस भएका उम्मेदवार श्री प्रशान्त साहको नाम योग्यताक्रमको सूचीबाट हटाई उक्त पदमा बैकल्पिक (प्रतिक्षा सुची) उम्मेदवारको एक मात्र उम्मेदवार श्री रुपाको नाति, चित्रध्वजको छोरा खजुरा-२, बाँके स्थायी ठेगाना भएका रोल नम्बर १४६९५ का उम्मेदवार श्री तेजध्वज शाहीलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त पदमा स्थायी नियुक्ति पत्र बुझ्न आउनको लागि परिषद् कार्यालयको मिति २०८२।११।२६ गतेको निर्णयानुसार यो सूचना प्रकाशन प्रकाशित गरिएको छ ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**प्रशासन महाशाखा, सानोठिमी, भक्तपुर ।**

२०८२।११।२६

बद्री प्रसाद दाहाल
प्रशासकीय अधिकृत